कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाडी, सिन्धुली
बागमती प्रदेश, नेपाल

# बैठक संख्या : १८८

## मिति : २०८३/०२/०९ (मंगलबार)

## समय : दिनको ३:०० बजे

## प्रस्तावहरु

| | |
|---|---|
| प्रस्ताव नं. १: | नगरसभाको १७ औं अधिवेशन सम्बन्धमा। |
| प्रस्ताव नं. २: | आर्थिक विद्येयक २०८३, सम्बन्धमा। |
| प्रस्ताव नं. ३: | विनियोजन विद्येयक, २०८३ सम्बन्धमा। |
| प्रस्ताव नं. ४: | सिटी हल भाडा सम्बन्धमा। |
| प्रस्ताव नं. ५: | आन्तरिक आय ठेक्का सम्बन्धमा। |
| प्रस्ताव नं. ६: | नदीजन्य पदार्थ स्टक प्रमाणित अनुमोदन सम्बन्धमा। |
| प्रस्ताव नं. ७: | संगठन तथा व्यवस्थापन (O & M) अनुसार शाखा व्यवस्थापन सम्बन्धमा। |
| प्रस्ताव नं. ८: | पालिकाको विविध कोष अन्तर्गत नगर स्वरोजगार कोष र प्रशासनिक भवन निर्माण कोषका सम्बन्धमा। |
| प्रस्ताव नं. ९: | आ.व. २०८१/८२ को नियमित गर्ने म.ले.प. बेरुजु सम्परीक्षणका लागि सभामा पेश गर्ने सम्बन्धमा। |
| प्रस्ताव नं. १०: | पार्टिसन वाल भत्काउने निर्णय अनुमोदन सम्बन्धमा। |
| प्रस्ताव नं. ११: | चियाबारी-सिन्धुलीगढी पदयात्रा सम्बन्धमा। |
| प्रस्ताव नं. १२: | Enhancing Productivity and Dairy Value chain in Korea-Nepal Model Dairy Village in Sindhuli परीयोजना सम्बन्धमा। |
| प्रस्ताव नं. १३: | कुखुरा फर्म आगलागी राहत क्षतिपूर्ती सम्बन्धमा। |
| प्रस्ताव नं. १४: | इन्धन तथा मर्मत सम्बन्धी कार्यविधि, २०८२ को प्रथम संशोधन सम्बन्धमा। |
| प्रस्ताव नं. १५: | कक्षा थपको अनुमति दिने सम्बन्धमा। |
| प्रस्ताव नं. १६: | बजेट व्यवस्थापन सम्बन्धमा । |
| प्रस्ताव नं. १७: | IEMIS मार्फत विद्यार्थी ट्रान्सफर सम्बन्धमा। |
| प्रस्ताव नं. १८: | राहत शिक्षक सरुवा सम्बन्धमा। |
| प्रस्ताव नं. १९: | दोस्रो पटकको विज्ञापन सम्बन्धमा। |
| प्रस्ताव नं. २०: | प्रोत्साहन पुरस्कार प्रदान गर्ने सम्बन्धमा। |
| प्रस्ताव नं. २१: | व्यवसाय कर सम्बन्धमा। |
| प्रस्ताव नं. २२: | पसल कवल कोठा भाडा सम्बन्धमा। |

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

CamScanner

बैठक संख्या : १८८

मिति : २०८३।०३।०९, मंगलबार

समय : दिनको ३:०० बजे

कमलामाई नगरपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेलको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र वाईबा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया ह्यायू | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री किरण निधि तिवारी | सचिव (प्र.प्र.अ.) |

CamScanner

कमलामाई नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

सिन्धुली, बागमती प्रदेश

मिति २०८३ असार ९ गते बसेको १८८ औं नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

**प्रस्ताव नं. १: नगरसभाको १७ औं अधिवेशन सम्बन्धमा ।**

**निर्णयः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा असार १० भित्र आगामी आर्थिक वर्षको राजश्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई सभामा पेश गर्ने व्यवस्था अनुसार मिति २०८३/०३/१० गते दिनको २:०० बजे नगर सभाको १७ औं अधिवेशन कार्यक्रम गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २: आर्थिक विद्येयक २०८३, सम्बन्धमा ।**

**निर्णयः** यस कमलामाई नगरपालिका, राजश्व परामर्श समितिबाट पेश गरिएको आ.व. २०८३/८४ को आर्थिक विद्येयक, २०८३ लाई नगर सभाको १७ औं अधिवेशनमा स्वीकृतीका लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३: विनियोजन विद्येयक, २०८३ सम्बन्धमा ।**

**निर्णयः** यस कमलामाई नगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तर्जुमा समितिबाट विनियोजन विद्येयक, २०८३ को तपसिल बमोजिमका अनुसूची-१ देखि अनुसूची-४ सम्म पारित भई आएकाले नगर सभाको १७ औं अधिवेशनमा स्वीकृतीका लागि पेश गर्ने निर्णय गरियो ।

तपसिल

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

अनुसूची १

## आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रमको लागि प्रस्तावित श्रोत अनुमान तथा खर्चको सीमा निर्धारण।

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| सि.न. | शीर्षक | रकम रु. | सि.न. | शीर्षक | रकम रु. |
| १ | अ.ल्या. मौज्दात | ४५०००००0.00 | १ | चालु संचालन तथा प्रशासनिक खर्च समेत | २८६,८००,०००.० |
| २ | आन्तरिक श्रोत | ९४७७५०००.00 | २ | पुंजीगत संचालन तथा प्रशासनिक खर्च समेत | ११,३००,०००.० |
| ३ | संघीय सरकार वित्तीय समानिकरण | १८४२०००००.00 | ३ | संघीय सरकार सर्शत चालु अनुदान अनुदान | ५७०,१००,०००.० |
| ४ | संघीय सरकारबाट प्राप्त राजश्व बाडफाड (मुल्य अभिवृद्धीकर, अन्तशुल्क र रोयल्टी) | १५६०१००००.00 | ४ | संघीय सरकार विशेष अनुदान चालु | ९,९००,०००.० |
| ५ | संघीय सरकार सर्शत अनुदान चालु | ५७०१०००००.00 | ५ | संघीय सरकार विशेष अनुदान पुँजीगत | ६,१००,०००.० |
| ६ | संघीय सरकार विशेष अनुदान चालु | ९९०००००.00 | ६ | प्रदेश विशेष चालु अनुदान | ७,०००,०००.० |
| ७ | संघीय सरकार विशेष अनुदान पुँजीगत | ६१०००००.00 | ७ | प्रदेश सरकार सशर्त अनुदान चालु | ७,३४१,०००.० |
| ८ | प्रदेश सरकार वित्तीय समानिकरण | १६१५५०००.00 | ८ | प्रदेश सरकार सशर्त अनुदान पुंजीगत | ५,०००,०००.० |
| ९ | प्रदेश सरकार राजश्व बाडफाड (सवारी कर) | ८१९५५९९५.00 | ९ | प्रदेश सरकार समपुरक अनुदान र पालिका समेत | ४०,०००,०००.० |
| १० | प्रदेश सरकार सशर्त अनुदान चालु | ७३४१०००.00 | १० | प्रकोप व्यवस्थापन कोष | ५,०००,०००.० |
| ११ | प्रदेश सरकार सशर्त अनुदान पुजिगत | ५०००००0.00 | ११ | पुंजीगत अनुसन्धान तथा परामर्श | ३,०००,०००.० |
| १२ | प्रदेश सरकार समपुरक अनुदान | १६००००००.00 | १२ | विभिन्न कार्यक्रमका लागि म्याचिग फण्ड | ५,०००,०००.० |
| १३ | प्रदेश विशेष चालु अनुदान | ७०००००0.00 | १३ | लैंगिक हिसा निवारण कोष | ६००,०००.० |
| १४ | बाडफाड प्राप्त हुने विज्ञापन कर | ६५००००.00 | १४ | मर्मत संभार कोष | २,०००,०००.० |
| १५ | ढुङ्गा, गिट्टी, वालुवा विक्री | १५००००००.00 | १५ | सिटी हल निर्माण कोष (सावा र व्याज फिर्ता समेत) | ६,०००,०००.० |
| १६ | बाडफाड बाट प्राप्त हुने मालपोत रजिष्ट्रेशन | २००००००0.00 | १६ | नगरस्तरीय योजना कार्यक्रम | ९०,६४५,९९५.० |
| १७ | बाडफाड प्राप्त हुने मनोरञ्जन कर | १०००००.00 | १७ | विभिन्न विषयगत क्षेत्र तथा शाखाहरुको कार्यक्रम | ६१,०००,०००.० |
| १८ | नगत लागत सहभागिता | ३००००००.00 | १८ | लक्षित वर्ग कार्यक्रम | ५,०००,०००.० |
| १९ | विविध कोषबाट प्राप्त हुने (युवा स्वरोजगार तथा प्रशासनीक भवन निर्माण कोष) | २८५०००००.00 | १९ | वडागत बजेट | ११२,०००,०००.० |
| | | | २० | नगद लागत सहभागिता | ३,०००,०००.० |
| | | | २१ | कार्य सम्पन्न भई भुक्तानी बाकी योजनाको व्ययभार | ३०,०००,०००.० |
| | जम्मा | १,२६६,७८६,९९५.00 | | जम्मा | १,२६६,७८६,९९५.० |

0.00

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

CamScanner

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाढी, सिन्धुली
बागमती प्रदेश, नेपाल

# अनुसूची २
## राजस्व तथा अनुदान प्राप्तिको अनुमान
### आ.व. २०८३/८४

| सि.नं. | शीर्षक | आ.व. २०८१/८२ को यथार्थ आय | आ.व. २०८२/०८३ को संशोधित | आ.व. २०८३।८४ को अनुमान | |
|---|---|---|---|---|---|
| | कुल आय | १२७४७८४८९२१५९ | १३०५३३५२२७४३ | १२६६७८६९९५।०० | |
| क | आन्तरिक श्रोत राजश्व | ८४९३३२८१।३१ | ९२६४००००।०० | ९४७३५000100 | |
| ११३१३ | सम्पत्ती कर | ११८९१७६९.४६ | १२५०००००. | १२५०५००० | |
| ११३१४ | भूमिकर/मालपोत | १४,३९९.९१ | ५०,०००.०० | ५०००० | |
| ११३१७ | बहाल कर | २३५५५८९३.५४ | १४५०००००. | १४५०५००० | |
| ११३१८ | बहाल बिटौरी कर | ८८८१२५६.२१ | ८४०००००. | ८००५००० | |
| ११६९१ | अन्य कर | ६७,६४८.५० | १०००००. | १५०००० | |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | १९९५००. | ० | ४००००० | |
| १४१९१ | पर्यटन शुल्क | ० | ७५०००००. | ०। | |
| १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त आय रकम | १६,०००.०० | 0100 | 0100 | |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त आय | ५२४०५०. | ५५००००. | ०। | |
| १४२१८ | विद्युत सेवा शुल्क | २४,४८०.०० | ५०,०००.०० | ५०००० | |
| १४२१९ | अन्य सेवा शुल्क तथा विक्री (सिन्धुलीगढी सहित) | १७८२०६६७.६६ | २५०००००. | १५५२०००० | |
| १४२२१ | न्यायिक दस्तुर | ४,२००.०० | १०,०००.०० | १०००० | |
| १४२२४ | परीक्षा शुल्क | १६०१५०. | २०००००. | २००००० | |
| १४२२९ | अन्य प्रशासनीक सेवा शुल्क | २८२९०३.४२ | ४०००००. | ४००००० | |
| १४२४१ | पार्किङ्ग शुल्क | २६९६७३०. | १००००००. | १०००००० | |
| १४२४२ | नक्सापास दस्तुर | २६०७३९१.६२ | ८००००००. | ५१००००० | |
| १४२४३ | सिफारीस दस्तुर | ४७६३८४१.५४ | ६००००००. | ६०००००० | |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ८००९५०. | ८५००००. | ८५०००० | |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ५४५४०२. | ५५००००. | ५५०००० | |
| | अन्य क्षेत्रको आय वन रोयल्टी | | १२५०००००. | १२५००००० | |
| १४२४९ | अन्य दस्तुर | ३९८२९११.७ | ५५०००००. | ५५००००० | |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ५४४४९१.८८ | ७०००००. | ७००००० | |
| १४३१३ | धरौटी सदरस्याहा | ६०,०००.०० | २०००००. | २००००० | |
| १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | १७,१२४.५२ | ३०,०००.०० | ३०००० | |
| १४५२९ | अन्य राजश्व | १५१८५६०.३५ | ४००००००. | ४०००००० | |
| १४३११ | व्यवसाय कर | ३३७७७३९. | ४५०००००. | ४५००००० | |
| १५१११ | बेरुजु | ५७५२२०. | २०५००००. | २०५०००० | |
| | जम्मा | ८४९३३२८१।३१ | ९२६४००००।०० | ९४७३५000100 | |

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

CamScanner

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाडी, सिन्धुली
बागमती प्रदेश, नेपाल

| ख | राजश्व बाँडफाँड | ३१३९३००८।३५ | ३०२२७३२२७।४३ | २७३७१५९९५।०० | |
|---|---|---|---|---|---|
| १ | बाँडफाँडबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तशुल्क | १५८३६६१६८।२९ | १५०२७४५८३. | १५६०१००००।०० | |
| २ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | १०२७८८१८७.८३ | ८३४६३५७७.६६ | ८१९५५३९५।०० | |
| ३ | बाँडफाँड प्राप्त हुने विज्ञापन कर | ४८४५००. | ५४००००. | ६५००००।०० | |
| ४ | बाँडफाँड बाट प्राप्त हुने दहत्तर बहत्तर कर | ११६६७८९७.०९ | २२८९५०६६.७७ | १५००००००।०० | |
| ५ | बन रोयल्टी | १०६८२३.६३ | ० | ०।०० | |
| ६ | बाँडफाँड बाट प्राप्त हुने घर जग्गा रजिष्ट्रेशन दस्तुर | ४०४२६५०६.५१ | ४५०००००० | २००००००।०० | |
| ७ | मनोरञ्जन कर | ९०,०००.०० | १०००००।०० | १०००००।०० | |
| | जम्मा | ३१३९३००८।३५ | ३०२२७३२२७।४३ | २७३७१५९९५।०० | |
| | | | | | |
| ग | अन्य आय | ५१४१८४७९।९३ | ७००००००००।०० | ४५००००००।०० | |
| १ | गत बर्षको नगद मौज्दात | ५१४१८४७९.९३ | ७००००००००।०० | ४५००००००।०० | |
| | जम्मा | ५१४१८४७९।९३ | ७००००००००।०० | ४५००००००।०० | |
| घ | अन्तर सरकारी वित्तीय हस्तान्तरण | ८२२९६०७२०।०० | ८३६९२२०००।०० | ८२१७९६०००।०० | |
| १ | नेपाल सरकारबाट प्राप्त अनुदानः | ७३०५७५७२०।०० | ७५४९००००००।०० | ७७०३००००००।०० | |
| १ | वित्तीय समानीकरण अनुदान | १५३४२२७२०. | १८०५०००००. | १८४२००००००।०० | |
| २ | सशर्त अनुदान (चालु) | ५३१७३३०००. | ५३८००००००. | ५७०१००००००।०० | |
| ३ | सशर्त अनुदान (पुजिगत) | १३९२००००. | २७५०००००. | | |
| ४ | समपूरक अनुदान | ०।०० | ०।०० | ०।०० | |
| ५ | विशेष अनुदान चालु | ३१५०००००. | | ९९००००००।०० | |
| | विशेष अनुदान पुंजीगत | | ८९०००००. | ६१००००००।०० | |
| | जम्मा | ७३०५७५७२०।०० | ७५४९००००००।०० | ७७०३००००००।०० | |
| २ | प्रदेश सरकारबाट प्राप्त अनुदानः | ९२३८५०००।०० | ८२०२२०००।०० | ५१४९६०००।०० | |
| १ | वित्तीय समानीकरण अनुदान | १७४४१०००. | १७७५५०००।०० | १६१५५०००।०० | |
| २ | सशर्त अनुदान (चालु) | १७७८४०००. | २६२६७०००।०० | ७३४१०००।०० | |
| ३ | सशर्त अनुदान (पुजिगत) | १९१६००००. | ७५००००००।०० | ५००००००।०० | |
| ४ | समपूरक अनुदान | ३००००००० | २४००००००।०० | १६००००००।०० | |
| ५ | विशेष अनुदान चालु | ८०००००००।०० | ६५००००००।०० | ७००००००।०० | |
| | जम्मा | ९२३८५०००।०० | ८२०२२०००।०० | ५१४९६०००।०० | |
| ङ | नगद लागत सहभागिता | १५४२३३२८।०० | ३५००००००।०० | ३००००००।०० | |
| १ | नगद लागत सहभागिता जम्मा | १५४२३३२८. | ३५००००००।०० | ३००००००।०० | |
| च | विविध कोषबाट प्राप्त | | | २८५००००००।०० | |
| १ | विविध कोषबाट प्राप्त | | | २८५००००००।०० | |
| | कुल जम्मा राजश्व रकम | १२७४७८४८९।५९ | १३०५३३५२२७।४३ | १२६६७८६९९५।०० | |

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

CamScanner

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाढी, सिन्धुली
बागमती प्रदेश, नेपाल

अनुसूची ३

## कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च

| | | आ.व. २०८१/८२ को यथार्थ | आ.व. २०८२/८३ को संशोधित अनुमान | आ.व. २०८३/८४ को प्रस्तावित अनुमान | स्रोत: आन्तरिक स्रोत / राजस्व बाँडफाँड | स्रोत: अन्तर सरकारी वित्तीय हस्तान्तरण – नेपाल सरकार | स्रोत: अन्तर सरकारी वित्तीय हस्तान्तरण – प्रदेश सरकार |
|---|---|---|---|---|---|---|---|
| | शीर्षक/कार्यक्रम | | | | | | |
| १ | पदाधिकारीहरुको भत्ता तथा अन्य सुविधा | | | | | | |
| १ | पदाधिकारी सुविधा | १२३७००००.०० | १३५००००००.०० | १२४०००००.०० | | | |
| २ | भ्रमण खर्च तथा दैनिक भत्ता | ८०००००.०० | ८०००००.०० | ८०००००.०० | | | |
| ३ | पदाधिकारी बैठक भत्ता | ३२७५९००.०० | ३५०००००.०० | ३५०००००.०० | | | |
| ४ | पदाधिकारीको अन्य सामाजिक सुरक्षा | ०.०० | ५०००००.०० | ५०००००.०० | | | |
| ५ | इन्धन | २५०००००.०० | २५०००००.०० | २५०००००.०० | | | |
| २ | कर्मचारी पारिश्रमिक तथा सुविधा | | | | | | |
| १ | तलब (स्थायी) | ४६४४६७५०.९ | ५२५०००००.०० | ६५००००००.०० | | | |
| २ | महंगी भत्ता (स्थायी) | १०८५३३३. | ४००००००.०० | ४००००००.०० | | | |
| ३ | खाद्यान्न (नगर प्रहरी समेत) | १०२६०००. | १५०००००.०० | १५०००००.०० | | | |
| ४ | बैठक भत्ता | १७५७५००. | २१०००००.०० | २००००००.०० | | | |
| ५ | कर्मचारी पुरस्कार | १२००००. | २०००००.०० | २०००००.०० | | | |
| ६ | अन्य सामाजिक सुरक्षा खर्च | ०.०० | ५०००००.०० | ५०००००.०० | | | |
| ७ | सरुवा भ्रमण खर्च तथा दैनिक भ्रमण केन्द्र कर्मचारी | २६१५१६१. | ३३०००००.०० | ३३०००००.०० | | | |
| ८ | सरुवा भ्रमण खर्च तथा दैनिक भ्रमण वडा स्तरीय कर्मचारी | ४८३६५०. | १७०००००.०० | १७०००००.०० | | | |
| ९ | पोषाक | २१२००००. | २४०००००.०० | २४५००००.०० | | | |
| १० | अन्य भत्ता | १७१०००. | २०००००.०० | २०००००.०० | | | |
| ११ | औषधी उपचार | ०.०० | ५०००००.०० | ५०००००.०० | | | |
| १२ | कर्मचारी तालिम तथा अभिमुखीकरण | ०.०० | ५०००००.०० | ७०००००.०० | | | |
| १३ | कर्मचारी कल्याण कोष | २००००००.०० | २००००००.०० | ३५०००००.०० | | | |
| ३. | कार्यालय संचालन सम्बन्धी खर्च | | | | | | |
| १ | कार्यालय इन्धन खर्च | ४०३३५२९. | ५००००००.०० | ५००००००.०० | | | |
| २ | कार्यालय हेभि इक्वीपमेण्ट | २७९३०३४. | ३००००००.०० | ३००००००.०० | | | |
| ३ | पानी तथा बिजुली | ३२७९००२.८१ | ५००००००.०० | ५००००००.०० | | | |
| ४ | संचार खर्च | १०३५६६८. | १५०००००.०० | १५०००००.०० | | | |
| ५ | सूचना प्रणाली तथा सफ्टवेयर नविकरण तथा व्यवस्थापन | ३७५०००. | ५०००००.०० | ५०००००.०० | | | |
| ६ | छपाई खर्च | ८४८३४८. | २००००००.०० | २००००००.०० | | | |
| ७ | पत्रपत्रिका तथा विभिन्न सञ्चार संस्था | २१२६२५. | ११०००००.०० | १३०००००.०० | | | |
| ८ | सूचना तथा विज्ञापन प्रकाशन | १७०००००. | १८०००००.०० | १५०००००.०० | | | |
| ९ | कार्यालय मसलन्द | ३७५००००. | ४००००००.०० | ४००००००.०० | | | |
| १० | कार्यालय संचालन सामाग्री | २९७४००४.९५ | ४००००००.०० | ४००००००.०० | | | |
| ११ | पुस्तक तथा अध्ययन सामाग्री | ९८५८०. | १०००००.०० | २०००००.०० | | | |
| १२ | सवारी साधन तथा मेशीनरी औजार भाडा | ३९२३५३. | ५०००००.०० | २००००००.०० | | | |
| १३ | घर भाडा/वडा कार्यालय समेत | १५३३३६०. | २००००००.०० | २००००००.०० | | | |
| १४ | वडा कार्यालय विविध खर्च | ४०३२०००. | ४५०००००.०० | ४६०००००.०० | | | |
| ४ | मर्मत सम्भार खर्च | | | | | | |
| १ | सवारी साधन मर्मत खर्च | ४४०००००.०० | ४६०००००.०० | ४५०००००.०० | | | |
| २ | मेशिनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च | ९७४४९८.०० | १५०००००.०० | २००००००.०० | | | |
| ३ | निर्मित सार्वजनिक सम्पतिको सम्भार खर्च | २४९७१९०. | २५०००००.०० | ३००००००.०० | | | |

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

CamScanner

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाढी, सिन्धुली
वागमती प्रदेश, नेपाल



| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | कार्यक्रम खर्च | | | | | | | |
| १ | पंजिकरण /राजश्व /लेखा /लेखापरीक्षण तालिम कार्यक्रम | ०.०० | ५०००००.०० | ५०००००.०० | | | | |
| २ | स्थलगत अध्ययन अवलोकन भ्रमण कार्यक्रम | १००००००.०० | १००००००.०० | ७०००००.०० | | | | |
| ३ | सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम | २३५०००. | ५०००००.०० | ५०००००.०० | | | | |
| ४ | विभिन्न समिति बैठक व्यवस्थापन कार्यक्रम | ३१६४००. | ५०००००.०० | ५०००००.०० | | | | |
| ५ | विविध कार्यक्रम खर्च | २३३०८६४. | २५०००००.०० | ३५०००००.०० | | | | |
| ६ | विभिन्न दिवस /समारोह कार्यक्रम | २०४३००. | ५०००००.०० | ५०००००.०० | | | | |
| ७ | सिन्धुलीगढी दिवस | ३५००००. | ३५०००००.०० | ३५०००००.०० | | | | |
| ८ | विद्युत मर्मत/ जडान (सडक बत्ती समेत) | ३१९०९६५. | ३००००००.०० | ३००००००.०० | | | | |
| ९ | नगरपालिका दिवस कार्यक्रम | ४८३६१९. | ५०००००.०० | ४०००००.०० | | | | |
| १० | उपभोक्ता समिति अभिमुखीकरण कार्यक्रम | ०.०० | ५०००००.०० | ५०००००.०० | | | | |
| ११ | सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण कार्यक्रम /चौमासिक वार्षिक समिक्षा समेत | २४००००. | ५०००००.०० | ५०००००.०० | | | | |
| १२ | कार्यालय सरसफाइ | ११४६६१. | ५०००००.०० | ६५००००.०० | | | | |
| १३ | नगरपालिका सौन्दर्यकरण स्तरोन्नती | ६,७५०.०० | ५०००००.०० | ५०००००.०० | | | | |
| १४ | पदपूर्ति कार्यक्रम | १६२६६०. | ५०००००.०० | ४०००००.०० | | | | |
| १५ | नगर आधारभुत स्वास्थ्य केन्द्र औषधी व्यवस्थापन कार्यक्रम | ०.०० | १३०००००.०० | १५०००००.०० | | | | |
| १६ | औषधी खरिद कार्यक्रम | १८८२३००. | २२०००००.०० | २००००००.०० | | | | |
| ६ | परामर्श तथा अन्य सेवा शुल्क | | | | | | | |
| १ | करार सेवा शुल्क /करार तथा ज्यालादारी कर्मचारीको तलब | ७०२१७०१०.४५ | ८००००००००.०० | ९६००००००.०० | | | | |
| २ | अन्य सेवा शुल्क | ३७५०४७. | ५०००००.०० | ६०००००.०० | | | | |
| ३ | सरसफाई सेवा शुल्क /फोहोरमैला व्यवस्थापन इन्धन र कर्मचारी पारिश्रमिक समेत) | १०४०४३४५.४९ | ११५०००००.०० | १३५०००००- | | | | |
| ७ | अनगुमन मुल्याङ्कन | ५०००००. | ५५००००.०० | ५०००००.०० | | | | |
| ८ | विमा, दर्ता, नविकरण तथा सेवा शुल्क | ६९४२७३. | ८०००००.०० | ९०००००.०० | | | | |
| ९ | विविध खर्च | | | | | | | |
| १ | सास्कृतिक रितीरिवाज खर्च | ३६६०८५. | ४०००००.०० | ६०००००.०० | | | | |
| २ | मनोरञ्जन, स्वागत र अतिथि सत्कार खर्च | २७६५२७६. | ३५०००००.०० | २५०००००.०० | | | | |
| ३ | अन्य दिविध खर्च | ३९५४१३६. | ४५०००००.०० | ३५०००००.०० | | | | |
| १० | नगर सभा संचालन खर्च | ७४०५१८. | १२०००००.०० | १४०००००.०० | | | | |
| ११ | प्रशासनीक तथा अन्य मैपरी खर्च | २,४०९,४८७.०० | ५००००००.०० | ४००००००.०० | | | | |
| १२ | इन्धन अन्य प्रयोजन | २०४५५७ | ४०००००.०० | ५०००००.०० | | | | |
| १३ | अन्य सहायता (विभिन्न आर्थिक सहायता समेत) | ३५०००००. | ३००००००.०० | २५०००००.०० | | | | |
| १४ | उद्धार राहत तथा पुनःस्थापना खर्च | ०.०० | ३०००००.०० | ३०००००.०० | | | | |
| १५ | अन्य फिर्ता | ९३,२९५.०० | ५०००००.०० | ४०००००.०० | | | | |
| १६ | आयोजना व्यवस्थापन सेवा खर्च | १९९८३५६. | २००००००.०० | २१०००००.०० | | | | |
| १७ | ए आइको प्रयोग व्यवस्थापन | | | ५०००००.०० | | | | |
| | जम्मा चालु खर्च | २२१५८१३५२.६० | २६५४०००००.०० | २८६८०००००.०० | | | | |
| | पुजिगत खर्च | | | | | | | |
| १ | फर्निचर | १६४७९९६. | २४०००००.०० | २४०००००.०० | | | | |
| २ | मेसिनरी औजार | २४७५२०२. | २५०००००.०० | २५०००००.०० | | | | |
| ३ | स्वास्थ्य उपकरण तथा औजार | ९६३३४६. | १००००००.०० | १००००००.०० | | | | |
| ४ | सफ्टवेयर खरिद तथा व्यवस्थापन | ०.०० | ४०००००.०० | ४०००००.०० | | | | |
| ५ | कन्टेन्जेन्सी | [illegible] | ५५०००००.०० | [illegible] | | | | |
| | जम्मा पुँजिगत खर्च | [illegible] | ११८०००००.०० | ११३०००००.०० | | | | |
| | कुल खर्च | [illegible] | [illegible] | [illegible] | | | | |

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाढी

## विभिन्न शाखागत कार्यक्रमको खर्च सीमा O & M अनुसार

### अनुसूची ४

| क.सं. | क्षेत्रगत कार्यक्रम | चालु आर्थिक वर्ष २०८२/८३ सशोधित अनुमान | आगामी आर्थिक वर्ष २०८३/८४ सशोधित अनुमान |
|---|---|---|---|
| 1 | सामान्य प्रशासन शाखा<br>-सवारी तथा यान्त्रिक,<br>-दर्ता-चलानी,<br>-नगर प्रहरी | १२०००००.०० | ७०००००.०० |
| 2 | आर्थिक प्रशासन शाखा<br>-राजश्व प्रशासन उपशाखा | १४०००००.०० | ११०००००.०० |
| 3 | योजना तथा अनुगमन शाखा | ०.०० | २०००००.०० |
| 4 | पूर्वाधार विकास शाखा<br>-घर नक्सा तथा शहरी विकास,<br>-उर्जा विकास, खरिद,<br>-वातावरण, फोहर मैला, विपद् व्यवस्थापन<br>-नापी इकाई | ५१०००००.०० | ४००००००.०० |
| 5 | सामाजिक विकास शाखा<br>-सामाजिक सुरक्षा तथा पञ्जिकरण,<br>-महिला बालबालिका तथा समाज कल्याण | ८३०००००.०० | ६००००००.०० |
| 6 | शिक्षा, युवा तथा खेलकूद शाखा | ३३५०००००.०० | ३००००००००.०० |
| 7 | स्वास्थ्य शाखा | ५००००००.०० | ४००००००.०० |
| 8 | कृषि विकास शाखा | ५९०००००.०० | ४००००००.०० |
| 9 | सूचना प्रविधि तथा तथ्याङ्क शाखा | १५०००००.०० | १००००००.०० |
| 10 | पशुपन्छी सेवा शाखा | ५००००००.०० | ३५०००००.०० |
| 11 | आर्थिक विकास<br>-पर्यटन तथा संस्कृतिक प्रवर्द्धन,<br>-उद्योग,<br>-भूमि तथा सहकारी<br>-रोजगार प्रवर्द्धन | ४२०००००.०० | ३००००००.०० |
| 12 | जिन्सी तथा सार्वजनिक सम्पत्ती व्यवस्थापन शाखा | ०.०० | १०००००.०० |
| 13 | आन्तरिक लेखा परिक्षण शाखा | ३०००००.०० | २०००००.०० |
| 14 | कानून शाखा (न्यायिक समिति समेत) | ११०००००.०० | ७०००००.०० |
| 15 | खेलकुद विकास समिति | ३५०००००.०० | २५०००००.०० |
| | कूल जम्मा | ७६००००००.०० | ६१००००००.०० |

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

**प्रस्ताव नं. ४: सिटी हल भाडा सम्बन्धमा ।**

**निर्णयः** कमलामाई नगरपालिका, वडा नं. ६, खम्बे चौरमा नगर विकास कोषको ऋण सहयोगमा निर्मित सिटी हल भाडामा लगाउन मासिक रु. ७ लाख कायम गरी ३ पटक सम्म सूचना आव्हान गर्दा पनि सिटी हल भाडामा नलागेको हुँदा मासिक भाडा दर मू.अ. कर बाहेक रु. ४,५०,०००।- कायम गरी २१ दिन म्याद दिइ अन्य कुराको हकमा सिटी हल संचालन कार्यविधि, २०८२ मा भएको व्यवस्था अनुसार भाडामा लगाउन सूचना आव्हान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५: आन्तरिक आय ठेक्का सम्बन्धमा ।**

**निर्णयः** आ.व. २०८३/८४ को लागि कमलामाई नगरपालिकाको आन्तरिक आय ठेक्काको लागि न्यूनतम् ठेक अंक कायम गरी ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | ठेक्काको नाम | ठेगाना | आ.व. | न्यूनतम् वार्षिक ठेक अंक |
|---|---|---|---|---|
| १. | भिमानको इनारपानीमा प्रत्येक शुक्रबार लाग्ने हाट बजार | कमलामाई नगरपालिका-९, सिन्धुली | २०८३/८४ | ७२५०००.०० |
| २. | माढी बजारमा प्रत्येक शनिवार लाग्ने हाट बजार | कमलामाई नगरपालिका-६, सिन्धुली | २०८३/८४ | ९३५०००.०० |
| ३. | विज्ञापन कर ठेक्का | कमलामाई नगरपालिका क्षेत्र | २०८३/८४ | ९३००००.०० |
| ४. | सिन्धुलीमाढी बसपार्क पार्किङ्ग शुल्क ठेक्का | कमलामाई नगरपालिका-६, सिन्धुली | २०८३/८४ | १०५००००.०० |
| ५. | कमलामाई न.पा.-५ को क्वान्द्रे खोल्सी फोहोर प्रशोधन केन्द्र कवाडी तथा वडा नं. ९ फोहोर प्रशोधन केन्द्र ठेक्का | कमलामाई नगरपालिका-५ र ९, सिन्धुली | २०८३/८४ | ५०००००.०० |

**प्रस्ताव नं. ६: नदीजन्य पदार्थ स्टक प्रमाणित अनुमोदन सम्बन्धमा ।**

**निर्णयः** कमलामाई नगरपालिकासँग नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न आ.व. २०८२/८३ मा सम्झौता भएका ठेकेदारले ढुंगा, बालुवा, गिट्टी (स्टक) मौज्दात प्रमाणित गर्न माग अनुसार कमलामाई नगरपालिकामा लाग्ने शुल्क बुझाई सकेका तपशिल बमोजिमका व्यवसायीहरुको

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

मौज्दात (स्टक) कमलामाई नगरपालिकाको प्राविधिकबाट प्रमाणित भई आएको नदीजन्य पदार्थ ढुंगा, ग्राभेल मिति २०८३ साल असार मसान्त भित्र उठाई लैजान अनुमति दिएकालाई समर्थन गर्ने निर्णय गरियो ।

| सि.नं. | खोलाको नाम | फर्म/कम्पनीको नाम र ठेगाना | नदीजन्य पदार्थ मौज्दात परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. | कमलाखोला चन्दनपुर खिरखिरे दोभान माथिल्लो खण्ड (IEE ले तोकेको क्षेत्र) | अम्बर निर्माण सेवा, कमलामाई न.पा.-४, सिन्धुली | कमलाखोला चन्दनपुर (क) खिरखिरे दोभान वारी ढुङ्गा १३८५.८६ घ.मी., खिरखिरे दोभान पारी ग्राभेल १८४.२७ घ.मी. सहित जम्मा १५७०.१३ घ.मी. | |
| २. | कमलाखोला करकरे सिस्नेरी खण्ड (IEE ले तोकेको क्षेत्र) | सि.एस. कन्स्ट्रक्सन एण्ड कन्क्रिट प्रोडक्ट्स प्रा.लि., कमलामाई न.पा.-८, सिन्धुली | काखोला करकरे सिस्नेरी फँडिल घारीमा ग्राभेल २५०२ र ढुङ्गा ३९५ सहित जम्मा २८९७ घ.मी. | |

**प्रस्ताव नं. ७: संगठन तथा व्यवस्थापन (O & M) अनुसार शाखा व्यवस्थापन सम्बन्धमा ।**

**निर्णयः** कमलामाई नगरपालिकाले नगरसभाको १६औं अधिवेशनबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण पारित गरे अनुसार आ.व. २०८३/८४ बाट पालिकाको शाखा कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८: पालिकाको विविध कोष अन्तर्गत नगर स्वरोजगार कोष र प्रशासनिक भवन निर्माण कोषका सम्बन्धमा ।**

**निर्णयः** पालिकाको विविध कोष अन्तर्गत नगर स्वरोजगार कोष र प्रशासनिक भवन निर्माण कोषमा जम्मा रहेको रकम आ.व. २०८३/८४ को बजेट प्रणालीमा समावेश गर्ने निर्णय गरियो र प्रशासनीक भवन निर्माण कोष खारेज गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

CamScanner

**प्रस्ताव नं. ९: आ.व. २०८१/८२ को नियमित गर्ने म.ले.प. बेरुजु सम्परीक्षणका लागि सभामा पेश गर्ने सम्बन्धमा ।**

**निर्णयः** आ.व. २०८१/८२ मा कमलामाई नगरपालिकाको नियमित गर्ने बेरुजुका सम्बन्धमा महालेखा परीक्षकको कार्यालयबाट औंल्याइएको तपसिल बमोजिमका बेरुजुहरु सम्परीक्षणका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल

महालेखा परिक्षकको कार्यालयबाट आ.ब.२०८१/०८२ को अन्तिम लेखापरिक्षण हुदा कायम भएका बेरुजु दफाहरुको सम्बन्धमा आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८९ बमोजिम प्रचलित कानुन बमोजिम पुरयाउनु पर्ने रित नपुगेको तर सरकारी हानि नोक्सानी नभएका बेरुजुहरु सम्परीक्षण कार्यको लागि १७ औं नगर सभा समक्ष पुष्टयाइ सहित सिफारिश गर्ने निर्णय गरियो ।

| सि. नं | कायम भएको बेरुजु दफा नं | बेरुजुको मुख्य विवरण | बेरुजु रकम | बेरुजुको सम्बन्धमा पुष्टयाइ |
|---|---|---|---|---|
| १ | ६२ | अमानतबाट योजना/कार्यक्रम | ११०६३५३ | आर्थिक वर्ष ०८१।०८२ मा महालेखापरीक्षकको कार्यालयवाट अन्तिम लेखापरीक्षण भई प्राप्त अन्तिम प्रतिवेदनमा उल्लेखित वेरुजु वडा कार्यालय वा शाखाहरुवाट भएको अमानतको कार्य कार्यालयको आदेश अनुसार वडा समितिको निर्णय वडा कार्यालयको सिफारिस वमोजिम तत्काल सेवा प्रवाह गर्नु पर्ने भएको हुँदा अमानतवाट कार्य भएको हो । यस्ता कार्यहरु आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८९ अनुसार प्रचलित कानून बमोजिम पुर्याउनु पर्ने रित नपुगेको तर सरकारी नगदी, जिन्सीको हानी नोक्सानी नभएको हुँदा उक्त अनियमित वेरुजू समपरीक्षणको लागि नगर सभामा पेश गर्ने |
| २ | ६७ | प्रदेश समपुरक अनुदान | ९०४४३३५.६ | आ.ब.०८१।०८२ मा वागमति प्रदेश सरकार समपुरक अनुदान तर्फ ३ वटा योजनाहरु भई कार्यान्वयन भएकोमा उक्त योजनाहरुको प्रस्ताव पठाउँदा एकपाखे छतिवन सिक्रे सडक स्तरोन्नतीको लागत अनुमान रु २०५१०६६१.४९ धुरावजार ग्वाडकोरीडोर सडक सतरोन्नतीको लागत अनुमान रु.२०५३६९४३.६८ चियावारी केबरे केरावारी सडक |

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | | | स्तरोन्तीको लागत अनुमान रु. २०५२११५०.२२ स्वीकृत गरी वागमती प्रदेश सरकार र नगरापलाकीको ५०।५० प्रतिशतमा सञ्चालन हुने गरी प्रस्ताव पठाइएकोमा वागमति प्रदेश सरकारवाट योजना स्वीकृत भई आउँदा सवै योजनामा १ करोडका दरले जम्मा ३ करोड अनुदान स्वीकृत भई आएको हुँदा उक्त अनुदानलाई ५० प्रतिशत मानी लागत अनुमान तयार गरी कार्यान्वयन भएको हुँदा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८९ अनुसार प्रचलित कानून वमोजिम पुर्याउनु पर्ने रित नपुगेको तर सरकारी नगदी, जिन्सीको हानी नोक्सानी नभएको हुँदा उक्त अनियमित वेरुजू समपरीक्षणको लागि नगर सभामा पेश गर्ने । |
| ३ | ६० | अन्य निकायको खर्च | ७७६०० | अन्तिम प्रतिवेदनमा उल्लेखित वेरुजू र स्थानीय सरकार सचालन ऐन, २०७४ मा समेत अन्य नियकालाई अनुदान दिन सक्ने व्यवस्था अनुसार भए वमोजिम सम्बन्धीत माग भई आएको हुँदा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली , २०७७ को नियम ८९ अनुसार प्रचलित कानून वमोजिम पुर्याउनु पर्ने रित नपुगेको तर सरकारी नगदी, जिन्सीको हानी नोक्सानी नभएको हुँदा उक्त अनियमित वेरुजू समपरीक्षणको लागि नगर सभामा पेश गर्ने । |
| ४ | ६३ | दरबन्दी भन्दा बढीलाइ तलब भुक्तानी | ३९६३७०२ | आर्थिक वर्ष ०८१।०८२ मा महालेखापरीक्षकको कार्यालयवाट अन्तिम लेखापरीक्षण भई प्राप्त अन्तिम प्रतिवेदनमा उल्लेखित वेरुजू नगरपालिकाको दैनिक कार्य सरफाई र दमकलमा काम गर्नको लागि तत्काल आवश्यकता रहि नियुक्ती भएको र १६औ नगर सभावाट सगठन तथा सर्वेक्षण समेत पास भएकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली , २०७७ को नियम ८९ अनुसार प्रचलित कानून वमोजिम पुर्याउनु पर्ने रित नपुगेको तर सरकारी नगदी, जिन्सीको हानी नोक्सानी नभएको हुँदा उक्त अनियमित वेरुजू समपरीक्षणको लागि नगर सभामा पेश गर्ने । |
| ५ | ६४ | करारमा शिक्षक नियुक्ती | २०८२५० | कमालामाई नगरपालिका नगर शिक्षा नियमावली २०७५ शसोधन सहित पस्छिेद १ को नियम २ ख शिक्षक सहजकर्ताको सट्टामा नगरपालिकाको आन्तरिक श्रोतवाट खानेगरी करार करार सट्टा शिक्षक नियुक्ती गर्ने प्रावधान रहे वमोजिम कमला मा.वि. ढुङ्गेवासमा करारमा सट्टा शिक्षक नियुक्त भएको हो । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८९ अनुसार |

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाढी, सिन्धुली
बागमती प्रदेश नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | | | प्रचलित कानून वमोजिम पुर्याउनु पर्ने रित नपुगेको तर सरकारी नगदी, जिन्सीको हानी नोक्सानी नभएको हुँदा उक्त अनियमित वेरुजू समपरीक्षणको लागि नगर सभामा पेश गर्ने । |
| ६ | ६८ | करार कर्मचारी हित कोष | २७३१७९५ | कमलामाई नगरपालिकावाट मिति २०७६ पौष २२ गतेको नगर सभावाट स्वीकृत भएको अस्थाई । करार कर्मचारी कल्याण वचत कोष ऐन २०७६ मा व्यवस्था भए अनुसार करार कर्मचारीको मासिक तलब वाट निजले पाउने तलब भत्तावाट ५ प्रतिशत र पालिकावाट थप ५ प्रतिशत रकम कट्टा गरि कल्याण कोष मा जम्मा भई अवकास भएको अवस्था रकम भुक्तानी दिने गरी कानुनी व्यवस्थ भए अनुसार उक्त रकम प्रत्येक महिना दाखिला भएको हुँदा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८९ अनुसार प्रचलित कानून वमोजिम पुर्याउनु पर्ने रित नपुगेको तर सरकारी नगदी, जिन्सीको हानी नोक्सानी नभएको हुँदा उक्त अनियमित वेरुजू समपरीक्षणको लागि नगर सभामा पेश गर्ने । |
| ७ | ७२.२/३ | ओ.जे.टी.अनुदान गौमती मा.वि | १९५००० | प्राविधिक कक्षा ९ र १२ को सञ्चालित विद्यालयलाई प्रति विद्यार्थि लागत अनुदान रकम उपलब्ध गराईएकोमा हेरालुको पदमा श्री एक नारायण श्रेष्ठलाई नियुक्ती गरी पारिश्रमिक रकम दिएको भएको हुँदा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली , २०७७ को नियम ८९ अनुसार प्रचलित कानून वमोजिम पुर्याउनु पर्ने रित नपुगेको तर सरकारी नगदी जिन्सीको हानी नोक्सानी नभएको हुँदा उक्त अनियमित वेरुजू समपरीक्षणको लागि नगर सभामा पेश गर्ने । |
| ८ | ८२ | विद्यार्थी संख्या भन्दा बढी बालविकास सहजकर्ता | १८४८००० | विद्यार्थी संख्याका आधारमा समायोजन गरिएको तर वालविकास सहजकर्ता मातृ विद्यालयमा नै कार्यरत रहेको र विद्यालय समायोजन भएको विद्यालयवाट नै तलब निकास भएको हुँदा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली , २०७७ को नियम ८९ अनुसार प्रचलित कानून वमोजिम पुर्याउनु पर्ने रित नपुगेको तर सरकारी नगदी जिन्सीको हानी नोक्सानी नभएको हुँदा उक्त अनियमित वेरुजू समपरीक्षणको लागि नगर सभामा पेश गर्ने । |

| कार्यरत मृत विद्यालय | समायोजन भएको विद्यालय |
|---|---|
| जनजागरण प्रा वि छतिवन | कालिका मावि धमिले जरायोटार |

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

CamScanner

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाढी, सिन्धुली
बागमती प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | | | पञ्चकन्या प्रा वि तीनतले — कालिका मा वि पल्लोरामपुर<br>प्रा. वि. फलामे — कुण्डेश्वरी मा वि वेसारवेशि<br>प्रा. वि. सातधारा — चण्डेश्वरी मावि डाँडी<br>तिनकन्या प्रा वि सुनडाँडा — जनजागृत मावि निबुवाटार<br>भद्रकाली प्रा वि डुडभञ्जयाङ — मा. वि. पिपलभञ्ज्याङ<br>वागेश्वरी प्रा वि — कमला मा वि तिनतले<br>शुभकामना प्रा वि थाक्लेफेदी — निमावि थाक्लेडाँडा |
| ९ | ८७ | फरक शिर्षकमा खर्च | २५२००० | सघीय शर्सत तर्फ परिवार योजना सेवा शिर्षकवाट गाँउघर क्लिनिक सचालन शिर्षकमा खर्च भएको हो । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८९ अनुसार प्रचलित कानून वमोजिम पुर्याउनु पर्ने रित नपुगेको तर सरकारी नगदी जिन्सीको हानी नोक्सानी नभएको हुँदा उक्त अनियमित वेरुजू समपरीक्षणको लागि नगर सभामा पेश गर्ने । |
| १० | ९२ | खेलकुद सामाग्री खरिद | ३०००० | आर्थिक वर्ष ०८१।०८२ मा नगरसभावाट विनियोजन भए अनुसार वडा कार्यालयमा विभिन्न विभिन्न शिर्षकमा विनियोजन रकम मध्ये वडा न ४ वाट विल भरपाई सलग्न राखि भुक्तानीको लागि पेश भए अनुसार भुक्तानी भएको हुँदा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली , २०७७ को नियम ८९ अनुसार प्रचलित कानून वमोजिम पुर्याउनु पर्ने रित नपुगेको तर सरकारी नगदी जिन्सीको हानी नोक्सानी नभएको हुँदा उक्त अनियमित वेरुजू समपरीक्षणको लागि नगर सभामा पेश गर्ने । |
| ११ | १०० | उ.स.द्धारा मेसिनको प्रयोग | २०४०७६८.५ | उपभोक्ता समितिवाट गरिने कार्यको हकमा सम्झौताको क्रममा नै ठेक्का मार्फत गराउन नपाइने शर्त समावेश गरिएकाव साथै निर्माण । मर्मत कार्य गर्दा माटो खन्ने कार्यको लागी व्याक हो लोडर र केही योजनामा एक्साभेटर मेशिन प्रयोग भएको कामा लागत अनुमान तयार गर्दा नै नेपाल सकारवाट स्वीकृट्ट नर्मस अनुसार स्विकृत दरर्ट वमोजिम नै दर विश्लेषण वमोजिम नै दर विश्लेषण गरीएको र सोही वमोजिम लाग अनुमान स्विकृत गरी कार्य गराईएको हुँदा लागत अनुमान नै प्राविधिक पुष्ट्याँइ मानी कार्य भएको र आर्थिक कार्यविधि तथा वित्तिय |

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | उत्तरदायित्व नियमावली, २०७७ को नियम ८९ अनुसार प्रचलित कानून वमोजिम पुर्याउनु पर्ने रित नपुगेको तर सरकारी नगदी, जिन्सीको हानी नोक्सानी नभएको हुँदा उक्त अनियमित वेरुजू समपरीक्षणको लागि नगर सभामा पेश गर्ने । |
| १२ | ६९ | नपाउने सुबिधा | २०७२०२ | आर्थिक वर्ष ०८१।०८२ मा महालेखापरीक्षकको कार्यालयवाट अन्तिम लेखापरीक्षण भई प्राप्त अन्तिम प्रतिवेदनमा उल्लेखित वेरुजू स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ वमोजिम वडा अध्यक्षहरुले तोकिएको सिमा भन्दा वढि प्रयोग भएको ईन्धन सम्बन्धमा वडाको विभिन्न सयममा अनुगमन गर्न र विभिन्न समयमा विकास निर्माण कार्य सम्बन्धी जिल्ला वाहिर जाँदा ईन्धन प्रयोग भएको हुँदा उक्त इन्धन सम्बन्धी १६ अधिवेशनको दोश्रो वैठक निर्णय नम्बर ५ बाट अनुमोदन समेत भएकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली , २०७७ को नियम ८९ अनुसार प्रचलित कानून वमोजिम पुर्याउनु पर्ने रित नपुगेको तर सरकारी नगदी जिन्सीको हानी नोक्सानी नभएको हुँदा उक्त अनियमित वेरुजू समपरीक्षणको लागि नगर सभामा पेश गर्ने । |

**प्रस्ताव नं. १०: पार्टिसन वाल भत्काउने निर्णय अनुमोदन सम्बन्धमा ।**

**निर्णयः** कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय भवन अगाडी रहेको स्टल भवनको कोठा नं. ३ र ४ भाडामा लिई व्यवसाय गर्ने व्यवसायीहरुको आपसी सहमतीमा उक्त दुई कोठा बीचको पार्टिसन वाल हटाई व्यवस्थित रुपमा व्यवसाय संचालन गर्नको लागि अनुमति पाउँ भनी निवेदन पेश भएकोमा उक्त सम्झौता समाप्त भए पश्चात सम्झौता नविकरण नभएमा वा नगरपालिकाको आदेश भएका बखत पुनः पार्टिसन वाल लगाउने गरी हाललाई मुख्य संरचनामा असर नपारी माग बमोजिम पार्टिसन वाल भत्काउन प्राविधिक प्रतिवेदन अनुसार मिति २०८३/०२/२० को नगर प्रमुख तहबाट भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११: चियाबारी-सिन्धुलीगढी पदयात्रा सम्बन्धमा ।**

**निर्णयः** चियाबारी-सिन्धुलीगढी पदयात्रा नेपाली सेना र कमलामाई नगरपालिकाको संयुक्त आयोजनामा मिति २०८३/०२/३० गते सम्पन्न भएको र उक्त कार्यक्रमको व्यवस्थापन नेपाली

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

कमलामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिन्धुलीमाडी, सिन्धुली बागमती प्रदेश, नेपाल

सेनाको भवानी बक्स गणबाट सम्पन्न भएकाले गणबाट माग गरीएको खाना, खाजा, फ्लेक्स प्रिन्ट, व्यानर, गेट निर्माण वापतको रु. १,५०,०००।- (एक लाख पचास हजार मात्र) खर्च माग भई कार्यालयमा पेश भई आएकाले भैपरी आउने प्रशासनीक शीर्षकबाट भुक्तानीको व्यवस्था मिलाउन कार्यालयलाई स्वीकृत दिने निर्णय गरीयो ।

**प्रस्ताव नं. १२: Enhancing Productivity and Dairy Value chain in Korea-Nepal Model Dairy Village in Sindhuli परीयोजना सम्बन्धमा ।**

**निर्णयः** नेपाल सरकार कृषि वन तथा पर्यावरण मन्त्रालय (MoAFE) र गणतन्त्र कोरियाको कृषि, खाद्य तथा ग्रामिण मामिला मन्त्रालय (MAFRA) बीच Enhancing Productivity and Dairy Value chain in Korea-Nepal Model Dairy Village in Sindhuli परीयोजना सम्बन्धी Record of Discussion (ROD) मा हस्ताक्षर भए अनुसार परियोजनाबाट Total Mixed Ration (TMR) Plant र ताजा दुध प्रशोधन केन्द्र निर्माणका लागि देहाय बमोजिम विवरण भएको जग्गा उपलब्ध गराउन नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**जग्गाको विवरणः**

१. TMR Plant:
   GPS location, Latitude: 27.229106, Longitude: 85.900264,
   Area: 2335 Sq.meter

२. Dairy Processing Plant:
   GPS location, Latitude: 27.252062, Longitude: 85.864847,
   Area: 3750.43 Sq.meter

**प्रस्ताव नं. १३: कुखुरा फर्म आगलागी राहत क्षतिपूर्ती सम्बन्धमा ।**

**निर्णयः** कमलामाई नगरपालिका वडा नं. ११ छतिवनमा सुकवीर माझीले सञ्चालन गरेको कुखुरा फार्म मिति २०८३ असाढ ६ गते अन्दाजी ११:०० बजे राती चट्याङ्को कारणले आगो सल्कीएर कुखुरा फर्ममा भिषण आगलागी भई करिब २५०० कुखुरा डढेका थिए । यस आगलागीबाट भएको क्षतिको सम्बन्धमा जिल्ला प्रहरी कार्यालयको सर्जमिन मुचुल्का सम्बन्धित वडाको सिफारीस र

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

CamScanner

घटना देखिने तस्विर समेत पेश भई क्षतिपूर्ती माग भएकोले आजको बैठकबाट उक्त फर्मको क्षतिपूर्ती तथा पुनःस्थापना सहयोगको रुपमा रु. १ लाख दैवि प्रकोप कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १४: इन्धन तथा मर्मत सम्बन्धी कार्यविधि, २०८२ को प्रथम संशोधन सम्बन्धमा ।**

**निर्णयः** यस कमलामाई नगरपालिका नगर कार्यपालिकाबाट मिति २०८२/०१/०९ गते स्वीकृत भएको इन्धन तथा सवारी मर्मत सम्बन्धी मापदण्ड, २०८२ को परिच्छेद-३, विविधको दफा ४ को अनुसूची-१ को नियम ३ को उपनियम (क) तर, पछाडी सि.नं. ५ मा भएको व्यवस्था कार्यान्वयनका लागि हाल नगरपालिकामा मेकानिकल इन्जिनियर भएकोले मर्मत सिफारिस समिति सम्बन्धी व्यवस्था हटाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १५: कक्षा थपको अनुमति दिने सम्बन्धमा ।**

| क्र.सं | विद्यालयको नाम | ठेगाना | हाल संचालित कक्षा | माग गरेको कक्षा | कक्षा थप माग गरेको तह | स्वीकृति दिइएको कक्षा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | श्री आधुनिक नमूना एकेडेमी | क.न.पा. - ४ | ८ | ९ | माध्यमिक | (नौ) | |
| २ | श्री समता स्कुल,सिन्धुली | क.न.पा. - ६ | ७ | ८ | आधारभूत (१-८) | (आठ) | |
| ३ | श्री सिन्धु शुभ प्रभात बोर्डिंग स्कुल | क.न.पा. - ६ | १० | ११ | माध्यमिक | (एघार) | |
| ४ | श्री मधुगंगा अंग्रेजी विद्यालय | क.न.पा. - १४ | ६ | ७ | आधारभूत (१-८) | (सात) | |

कमलामाई नगरपालिकाभित्र सञ्चालित विभिन्न विद्यालयहरुले २०८३ साल देखि कक्षा थप गरी सञ्चालन गर्नका लागि दिएका निवेदन अनुरुप ती विद्यालयहरुको शिक्षा तथा खेलकुद शाखा तथा नगर शिक्षा समितिद्वारा स्थलगत अनुगमन गरी आवश्यक पूर्वाधारहरु पूरा गरेका

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

तपसिलका विद्यालयहरुलाई शैक्षिक वर्ष २०८३ देखि निम्न बमोजिम हुने गरी कक्षा थप गर्न स्वीकृति दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १६: बजेट व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय:** नेपाल पब्लिक क्याम्पस संघ जिल्ला कार्य समिति सिन्धुलीद्वारा सिन्धुली सदरमुकाममा सञ्चालन हुने सामुदायिक क्याम्पसहरुको अवस्था सुधार सम्बन्धी कार्यशाला गोष्ठी संचालन गर्न माग भइ आए बमोजिमको रकम रु. १,२५,०००।- (एक लाख पच्चीस हजार) फुटकर शीर्षकबाट खर्च हुनेगरी आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७: IEMIS मार्फत विद्यार्थी ट्रान्सफर सम्बन्धमा ।**

**निर्णय:** शैक्षिक सत्र २०८२ मा कमलामाई नगरपालिकाभित्र सञ्चालित सामुदायिक र संस्थागत विद्यालयहरुको विभिन्न कक्षाहरुमा अध्ययन गरी शैक्षिक सत्र २०८३ मा यसै नगरभित्रका सामुदायिक र संस्थागत विद्यालयहरुको विभिन्न कक्षाहरुमा IEMIS Software मार्फत ट्रान्सफर भइ आउने समयावधि सकिएपश्चात पनि विद्यार्थीहरु सम्बन्धित विद्यालयहरुबाट ट्रान्सफर नगरिएको भन्ने गुनासो आएको हुँदा त्यस्ता विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको हकमा यसै कार्यालय अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखाबाट नै IEMIS Software मार्फत विद्यार्थी ट्रान्सफर गरी गुनासो व्यवस्थापन गर्न निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १८: राहत शिक्षक सरुवा सम्बन्धमा ।**

**निर्णय :** सिन्धुली जिल्ला फिक्कल गाउँपालिका वडा नं. -४ स्थित श्री लोकप्रिय आधारभूत विद्यालयमा कार्यरत प्रा.वि. राहत शिक्षक श्री मञ्जु कुमारी वाइबाले यस नगरपालिका वडा नं. १ स्थित श्री जनसेवा प्रा.वि. नेपाने दमारमा रिक्त रहेको समान तह र किसिमको शिक्षक पदमा सरुवाका लागि निज अध्यापनरत विद्यालय, फिक्कल गाउँ कार्यपालिका र कमलामाई नगरपालिका वडा नं. १ स्थित श्री जनसेवा प्रा.वि. नेपाने दमारको सरुवा सहमति पत्रका साथ

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

अन्तरपालिका सरुवा भइ आउँन निवेदन दिनु भएकोले श्री जनसेवा प्रा.वि. नेपाने दमारमा रिक्त रहेको समान तह र किसिमको शिक्षक दरबन्दीमा निज शिक्षकलाई सरुवा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १९: दोस्रो पटकको विज्ञापन सम्बन्धमा ।**

**निर्णय :** विद्यालय तथा नगरपालिकाबाट करारमा शिक्षक पदपूर्तिका लागि विज्ञापन हुँदा विशेषगरी विज्ञान, गणित, अंग्रेजी, लेखा र कम्प्युटर विषयमा स्थायी अध्यापन अनुमति पत्रको अभावमा निवेदन नपरी समयमा शिक्षक व्यवस्थापन गर्न समस्या भइ विद्यालयको पठनपाठनमा क्षति पुग्न गएको हुँदा पहिलो पटक विज्ञापन गर्दा निवेदन नपरेको खण्डमा उक्त समस्यालाई समाधान गर्न (संघीय करार दरबन्दी/राहत) बाहेकको हकमा २०८४ असार मसान्तसम्मको लागि उल्लिखित विषयमा न्युनतम योग्यता पुगेको तर स्थायी अध्यापन अनुमति पत्र नभएका आवेदकहरुबाट समेत निवेदन लिइ करारमा शिक्षक नियुक्ति प्रक्रिया अगाडि बढाउन व्यवस्थाका लागि शिक्षा, युवा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. २०: प्रोत्साहन पुरस्कार प्रदान गर्ने सम्बन्धमा ।**

**निर्णय :** यस कार्यपालिकाको मिति २०८३/०२/०८ गते बसेको बैठकको निर्णयानुसार शैक्षिक सत्र २०८२ को SEE परीक्षामा सामुदायिक विद्यालयहरुबाट सम्मिलित भएका विद्यार्थीहरुमध्ये उत्कृष्ट 4 GPA ल्याउन सफल भएका विद्यार्थीहरुलाई जनही रु. १ लाख रुपैयाँ प्रोत्साहन पुरस्कार उपलब्ध गराउने निर्णय भएकोमा श्री गौमती माध्यमिक विद्यालय, माढीबजारबाट 4 GPA ल्याउन सफल भएको विद्यार्थी आयुष्मा खड्काबाट प्रमाण कागजात सहित दाबी निवेदन पेस गरेकोले निज विद्यार्थीको प्रमाण कागजातलाई आधार मानी रु. १ लाख रुपैयाँ प्रोत्साहन पुरस्कार उपलब्ध गराउने निर्णय गरियो ।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाढी, सिन्धुली
बागमती प्रदेश, नेपाल

**प्रस्ताव नं. २१: व्यवसाय कर सम्बन्धमा ।**

**निर्णयः** नगरपालिकामा दर्ता नभएका तर पहिलेदेखि सञ्चालन भइ आएका व्यवसाय भएता पनि जुन बेला पालिकामा दर्ता हुन्छ, सोही बेलादेखिको मानी व्यवसाय कर लगाउने निर्णय गरियो । यसलाई आर्थिक ऐन २०८३/८४ मा समेट्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २२: पसल कवल कोठा भाडा सम्बन्धमा ।**

**निर्णयः** विगतदेखि पसल कवल कोठा भाडामा लिई व्यापार व्यवसाय सञ्चालन गर्दै आएका व्यवसायीहरुको म्याद २०८३ साल असारबाट समाप्त हुने भएकाले २०८३ साल असारसम्म भाडा बुझाएका व्यवसायीहरुको हालको भाडा रकममा १०% भाडा वृद्धि गरी ३ वर्षको लागि म्याद थप गरि सम्झौता गरी दिने निर्णय गरियो ।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख